नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

सडक सुधार तथा विकास आयोजना निर्देशनालय

मीनभवन, काठमाडौं

# पुराना सरकारी सम्पत्ति तथा जिन्सी मालसामानहरू लिलाम बिक्रीको पुन: सूचना

सूचना नं.- २

सूचना प्रकाशित मिति- २०८२/०६/..6..

यस सडक सुधार तथा विकास आयोजना निर्देशनालयमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने तपसिलमा उल्लिखित सम्पत्ती तथा जिन्सी मालसमान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्न भएकाले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

मालसामानको विवरण:

मेसिनरीऔजार तथा फर्निचर

| क्र.सं. | मालसामानको नाम | एकाइ | लिलाम बिक्री गर्नुपर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | उजुरी पेटिका | संख्या | १ | |
| २ | सुचना पाटी | संख्या | १ | |
| ३ | ल्यापटप | संख्या | १३ | |
| ४ | आइ प्याड Idea pad | संख्या | १ | |
| ५ | हिटर | संख्या | ५ | |
| ६ | यु पि एस | संख्या | २ | |
| ७ | ब्याट्री | संख्या | १० | |
| ८ | सोलार प्यानल | संख्या | ८ | |
| ९ | इन्भटर | संख्या | २ | |
| १० | सोलार कन्ट्रोलर | संख्या | १ | |
| ११ | स्टेण्ड पँखा | संख्या | ४ | |
| १२ | टि-टेवल | संख्या | १ | |
| १३ | टेलिफोन सेट | संख्या | ५ | |
| १४ | जि पि एस मेशिन | संख्या | ३ | |

Ghaneshwor
२०८२/६/6

| क्र.सं. | मालसामानको नाम | एकाइ | लिलाम बिक्री गर्नुपर्ने परिमाण | कैफियत |
|---|---|---|---|---|
| १५ | कार्यालयका उपकरणहरु क्याल्कुलेटर | संख्या | ५ | |
| १६ | रिभल्भिँग चियर | संख्या | ७ | |
| १७ | कोट हेंगर | संख्या | १ | |
| जम्मा | | | ७० | |

१. इच्छुक बोलपत्रदाताले सडक सुधार तथा विकास आयोजना निर्देशनालयको प्रशासन/ जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले मिति २०८२।६।१० गते सम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु. १०००।एभरेष्ट बैंक लि मा रहेको राजस्व खाता नं. ००१००१०६२००००० कार्यालय कोड ३३७०१३५१३, राजश्व शीर्षक नं. १४२२९ मा बुझाई सक्कल राजस्व भौचरसहित बोलपत्रदाताको फर्म/ कम्पनी दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र (आ.व. २०८०/०८१) वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न राखी कार्यालय समयमा बोलपत्र फाराम खरिदको लागि निवेदन पेस गर्नुपर्नेछ।

३. बोलपत्र सूचना प्रकाशित भएको मितिले ५ औं दिनको १२ बजे भित्र यस निर्देशनालयमादर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू सोही दिनको २ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस निर्देशनालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम विक्री हुने सम्पत्ती तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र यस निर्देशनालयको प्रशासन/ जिन्सी शाखामा सम्पर्क राख्नुपर्नेछ।

६. बोलपत्रसाथ बोलपत्रदाताले आफुले कबोल गरेको रकमको १० प्रतिशतका दरले हुन आउने एकमुष्ट रकम नेपाल राष्ट्र बैङ्क, थापाथली स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, बबरमहल, काठमाण्डौको नाममा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरी सोको सक्कल वैंक भौचर वा यस निर्देशनालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको वैंक जमानत (विड वण्ड) पेस गर्नु पर्नेछ ।

७. बोलपत्रसाथ अद्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्र करदर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रका प्रतिलिपि अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्ने छ । व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

८. रीत नपुगेको वा म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अङ्कित भएको वा सर्त सहितको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार यस निर्देशनालयमा निहित रहने छ ।

१०. लिलाम गर्ने सम्पूर्ण समानहरूको न्यूनतम मूल्य रु.२,३४,३१५।(भ्याट वाहेक) कायम गरिएको छ ।

२०८२/६/७

११. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र प्रचलित नेपाल कानून बमोजिम हुने छ।